**आकाशवाणी समाचार- नेपाली**

मितिः ६ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी उत्तराखण्डको एक दिने भ्रमणमा आज जानुहुनेछ।

२. विदेशमन्त्री एस जयशंकरले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिका बहुध्रुवीयतातर्फ अघि बढिरहेको जुन भारतको हितमा अनुकूल रहेको बताउनु भएको छ।

३. राष्ट्रपति द्रौपदी मुर्मुले हिजो राष्ट्रपति भवनमा वार्षिक सांस्कृतिक उत्सव, 'विविधता के अमृत महोत्सव' को उद्घाटन गर्नुभयो।

४. सरकारले उत्तराखण्डको सोनप्रयागदेखि केदारनाथसम्म रोपवे निर्माण गर्न स्वीकृति दिएको छ।

५. आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटको दोस्रो सेमिफाइनलमा गएराती न्युजिल्याण्डले दक्षिण अफ्रिकालाई ५० रनले पराजित गरेको छ।

**प्रधानमंत्री-उत्तराखंड**

प्रधानमन्त्री नरेन्द्र मोदी उत्तराखण्डको एक दिने भ्रमणमा आज जानुहुनेछ। भ्रमण अवधी प्रधानमन्त्री मोदीले उत्तरकाशीको मुखबामा रहेको माँ गङ्गाको शीतकालीन प्रवास स्थलमा पूजाअर्चना गर्नुहुनेछ भने पैदल र बाइक र्यालीलाई झण्डा देखाउनुहुनेछ। यसका साथै प्रधानमन्त्री मोदीले हर्सिलमा एक सार्वजनिक समारोहमा जनतालाई सम्बोधन गर्नुहुनेछ। उत्तराखण्ड सरकारले धार्मिक पर्यटन प्रवद्र्धन गर्ने, स्थानीय अर्थतन्त्र, होमस्टेलगायत पर्यटन व्यवसायलाई बढावा दिने उद्देश्यले यस वर्ष शीतकालीन पर्यटन शुरु गरेको हो। यसैबीच गंगोत्री, यमुनोत्री, केदारनाथ र बद्रीनाथको शीतकालीन प्रवास स्थलहरुमा हजारौं तीर्थयात्री अगावै पुगीसकेका छन्। उत्तरकाशी जिल्ला प्रशासनले प्रधानमन्त्रीको मुख्बा र हरसिल भ्रमणको सम्पूर्ण तयारी पूरा गरेको छ। मोदीको स्वागतका लागि व्यापक तयारी गरिएको छ भने मुख्यमन्त्री पुष्करसिंह धामीले मुख्बा र हरसिलको तयारीको समीक्षा गर्नुभयो।

****** ० ******

**दिल्ली.राष्ट्रपति.विविधता का अमृत महोत्सव**

राष्ट्रपति द्रौपदी मुर्मूले आज राष्ट्रपति भवनमा वार्षिक सांस्कृतिक उत्सव विविधता का अमृत महोत्सवको उद्घाटन गर्नुभयो। यो महोत्सवमा विभिन्न क्षेत्रका अनौठा परम्पराहरू प्रदर्शन गरेर राष्ट्रको विविध सम्पदाको उत्सव मनाइन्छ। हाम्रा संवाददाताले बताए अनुसार यस महोत्सवको उद्देश्य राष्ट्रपति भवनलाई सांस्कृतिक आदान.प्रदानको केन्द्र बनाउनु रहेको छ।ए *यस महोत्सवमा पाँच सयभन्दा बढी कारीगर र बुनकरहरूले परम्परागत हस्तशिल्प र हथकरघाको प्रदर्शन गरिरहेका छन् जसमा कांजीवरम र कसावु साडी, मैसूर सिल्कए पीतल र काठका शिल्पहरू सामेल छन्।*यस वर्ष यो महोत्सव दक्षिण भारत माथि केन्द्रित रहेको छए यसमा पाँच राज्यहरूए कर्नाटकए केरलए तमिलनाडुए तेलंगाना र आन्ध्र प्रदेशए लगायत लक्षद्वीप र पुडुचेरी पनि शामेल छन्। महोत्सवमा चार सयभन्दा बढी कलाकारहरूले आफ्नो लोकए शास्त्रीय नृत्य र संगीत प्रस्तुत गरेर दक्षिण भारतको संस्कृतिलाई जीवन्त बनाइरहेका छन्। यो महोत्सव भोलिदेखि 9 मार्च सम्म सर्वसाधारणका लागि खुला रहनेछ। आगन्तुकहरूले बिहान 10 बजेदेखि बेलुका 8 बजेसम्म महोत्सवको आनन्द लिन सक्नेछन्।

****** ० ******

**जयशंकर - ट्रंप प्रशासन**

विदेशमन्त्री एस जयशंकरले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिका बहुध्रुवीयतातर्फ अघि बढिरहेको जुन भारतको हितमा अनुकूल रहेको बताउनु भएको छ। लण्डनस्थित चैथम हाउस थिंक ट्यांकमा 'भारतको उदय र विश्वमा यसको

भूमिका' विषयक सत्रलाई सम्बोधन गर्दै विदेशमन्त्री जयशंकरले यस्तो बताउनु भएको हो। जयशंकरले भन्नुभयो, 'राष्ट्रपति ट्रम्पको कार्यकालमा अमेरिकाको विदेश नीतिमा परिवर्तनको अपेक्षा गरिएको थियो र यो धेरै तरिकाले भारतको हितमा छ। बदलिँदो भू–राजनीतिक व्यवस्था, ऊर्जा, प्रविधि र कनेक्टिभिटी पहलको उल्लेख गर्दै विदेशमन्त्रीले अमेरिकी राष्ट्रपति र उनको प्रशासनका धेरै प्राथमिकताहरू भारतका लागि आशाजनक रहेको बताउनु भयो भने वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयल द्विपक्षीय व्यापार सम्झौताबारे छलफल गर्न वासिङ्टनमा रहेको उहाँले बताउनु भयो। जयशंकर बेलायत र आयरल्याण्डको ६ दिने भ्रमणमा छन्।
कश्मीरमा मुद्दाहरूको समाधानको बारेमा सोधिएको एक प्रश्नको जवाफमा डा जयशंकरले भन्नुभयो अनुच्छेद ३७० हटाउनु पहिलो कदम थियो, दोस्रो कदम कश्मीरमा विकास र आर्थिक गतिविधि र सामाजिक न्याय पुनर्स्थापित गर्नु हो। उहाँले भन्नुभयो, 'भारत काश्मिरको त्यो भाग फिर्ताको पर्खाइमा छ, जुन पाकिस्तानले अवैध रूपमा कब्जा गरेको छ। चीनका बारेमा बोल्दै जयशंकरले , 'अक्टोबर २०२४ देखि तिब्बतको कैलाश पर्वतको तीर्थयात्रा मार्ग खोल्ने लगायत केही सकारात्मक विकास भएको समेत उल्लेख गर्नुभयो।यसैबीच विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले विगत दुई दिनमा इंग्लैंडमा ब्रिटेनका विदेश मंत्री डेविड लैमीसग व्यापक र फलदायी वार्ता गर्नुभएको छ। जयशंकरले सोशल मीडिया पोस्ट मार्फत दुई पक्षबीच रणनीतिक समन्वय, राजनीतिक सहयोग र व्यापार सम्झौताका विषयमा छलफल भएको जानकारी दिनुभएको छ। यसका साथै जयशंकरले युक्रेन संघर्ष, पश्चिम एसिया, बङ्गलादेश र राष्ट्रमंडल सहित क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान भएको बताउनु भयो भने अनिश्चित र अस्थिर विश्वमा भारत–बेलायत सम्बन्धले स्थिरता र समृद्धिमा योगदान पुरयाउने बताउनु भयो।

****** ० ******

## प्रधानमंत्री वेबीनार रोजगार

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले लगानीमा पूर्वाधार र उद्योगजत्तिकै जनता, अर्थतन्त्र र नवाचारलाई प्राथमिकता दिएको बताउनु भएको छ। बजेटपछि रोजगारीसम्बन्धी वेबिनारलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, 'जनतामा लगानी गर्ने लक्ष्य शिक्षा, कौशल र स्वास्थ्य सेवा गरी तीन वटा स्तम्भमा आधारित छ। यसका साथै उहाँले केही दशकपछि भारतको शिक्षा प्रणालीमा महत्वपूर्ण परिवर्तन भइरहेको बताउदै सबै प्राथमिक स्वास्थ्य केन्द्रमा टेलिमेडिसिन सुविधा विस्तार गर्न लागिएको जानकारी दिनुभयो।
श्री मोदीले भन्नुभयो, "भारतले एआई क्षमताहरू विकास गर्न एक विस्तृत राष्ट्रिय भाषा मोडेल सेट अप गर्नेछ भने निजी क्षेत्रले पनि यस दिशामा विश्वमा एक कदम अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो।

****** ० ******

## जितेंद्र-बजट-बाद वेबिनार

केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री जितेन्द्र सिंहले भारतलाई वैश्विक नवाचार केंद्र बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। "नवाचार में निवेश" अथवा नवीनतामा लगानी" विषयको बजेटपछिको वेबिनार २०२५ को समापन सत्रलाई सम्बोधन गर्दै डा. सिंहले यस्तो बताउनु भएको हो। उहाँले भन्नुभयो, 'केन्द्रीय बजेटमा अनुसन्धान, विकास र नवाचारका लागि २० हजार करोड रुपैयाँ आवंटित गरिएको छ। यसले अत्याधुनिक अनुसन्धान र प्राविधिक प्रगतिले विशेष गरी डिप-टेक क्षेत्रहरूलाई बढावा दिनेछ। पछिल्लो एक दशकमा स्टार्टअप क्षेत्रमा भारत तेस्रो स्थानमा रहेको बताउदै श्री सिंहले भारतले नवाचारमा उल्लेखनीय प्रगति गरेको जानकारी दिनुभयो। यसैगरी केन्द्रीय मन्त्रीले भारतको कृषि सुरक्षालाई पनि बढावा दिइरहेको बताउनु भयो भने यी पहलहरूले नवाचार, सेमीकन्डक्टर विनिर्माण, एआई, फाइभजी र क्वान्टम कम्प्युटिङ जस्ता देशका महत्वपूर्ण क्षेत्रहरूमा लगानीलाई प्रोत्साहित गर्ने कुरामा जोड दिनुभयो।

## केदारनाथ रोपवे

सरकारले उत्तराखण्डको सोनप्रयागदेखि केदारनाथसम्म रोपवे निर्माण गर्न स्वीकृति दिएको छ। यसको लम्बाई १२.९ किलोमिटर हुनेछ। मन्त्रिपरिषद्को बैठकपछि नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले परियोजनाको कुल लागत ४,००० करोड भन्दा अधिक हुने बताउनु भयो।

****** ० ******

**प्रधानमंत्री-कैबिनेट**

प्रधानमन्त्री नरेन्द्र मोदीले मन्त्रिपरिषद्को निर्णयको प्रशंसा गर्नुभएको छ । एक सोशल मीडिया पोस्ट मार्फत प्रधानमन्त्री मोदीले, 'मन्त्रिपरिषद्ले उत्तराखण्डमा दुई नयाँ रोपवेलाई अनुमोदन गरेर दुई महत्वपूर्ण निर्णय गरेको बताउनुभयो भने सोनप्रयागदेखि केदारनाथसम्म र गोविन्दघाटदेखि हेमकुण्ड साहिबसम्म निर्माण हुने यी रोपवेले भक्तजनको समयको बचत गर्नुका साथै उनीहरूको यात्रालाई थप सहज बनाउने बताउनु भयो । यस्तै संशोधित पशुधन स्वास्थ्य र रोग नियन्त्रण कार्यक्रमका लागि क्याबिनेटको स्वीकृतिले रोग नियन्त्रण, टीकाकरण कभरेज बढाउन र जनावरहरूको लागि किफायती औषधिहरू सुनिश्चित गर्न मद्दत गर्ने बताउदै यो निर्णय पशु स्वास्थ्य, उच्च उत्पादकता र किसानको समृद्धिका लागि ठूलो कदम भएको उहाँले बताउनु भयो ।यस्तै केन्द्रीय गृह मन्त्री अमित शाहले उत्तराखण्डमा दुई रोपवे परियोजनालाई अनुमोदन गर्ने केन्द्रीय मन्त्रिपरिषद्को निर्णयको प्रशंसा गर्नुभयो। एक सोशल मीडिया पोस्ट मार्फत श्री शाहले 'प्रधानमन्त्री नरेन्द्र मोदीले बाबा केदारनाथ र हेमकुण्ड साहिबजीका तीर्थयात्रीलाई सबैभन्दा ठूलो उपहार दिनुभएको छ ।

****** ० ******

**पीएम-जापान प्रतिनिधिमंडल**

प्रधानमन्त्री नरेन्द्र मोदीले तात्सुओ यासुनागाको नेतृत्वमा आएको जापानी व्यापारिक प्रतिनिधिमण्डलसग हिजो भेटवार्ता गर्नुभएको छ । एक सोशल मीडिया पोस्ट मार्फत प्रधानमंत्रीले 'भारतमा उनीहरुको विस्तार योजना र मेक इन इन्डिया, मेक फर द वर्ल्डप्रतिको प्रतिबद्धताबाट आफू उत्साहित भएको बताउनु भयो भने भारतको विशेष रणनीतिक र वैश्विक साझेदार जापानसँग आर्थिक सहयोगलाई अझ प्रगाढ बनाउने आशा व्यक्त गर्नुभयो ।

****** ० ******

**जयपुर आर्थिक मंच**

एशिया र प्रशान्त क्षेत्रमा १२ औँ क्षेत्रीय थ्रीआर तथा सर्कुलर इकोनोमी फोरम सम्पन्न भएको छ भने सदस्य राष्ट्रहरूले 'जयपुर घोषणापत्र' सर्वसम्मतिले पारित गरेका छन् । यसले राष्ट्रिय नीति, परिस्थिति र क्षमताअनुसार देशहरूलाई सांकेतिक रणनीति सुझाउन मार्गदर्शन दस्तावेज तयार पारेको छ ।

****** ० ******

**क्रिकेट-चैंपियंस ट्राफी**

आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटको दोस्रो सेमिफाइनलमा गएराती न्युजिल्याण्डले दक्षिण अफ्रिकालाई ५० रनले पराजित गर्दै फाइनलको टिकट पकका गरेको छ । अब भारतले फाइनलमा न्युजिल्यान्डसँग मार्च ९ मा दुबईमा प्रतिस्पर्धा गर्नेछ । न्युजिल्याण्डले दिएको ३६३ रनको लक्ष्य पछयाएको दक्षिण अफ्रिकाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३१२ रन मात्र बनाउन सक्यो । टिमका लागि डेविड मिलर १०० रन बनाएर नटआउट रहे यदापी यो जीतको निम्ती पत्याप्त भएन मिलर वाहेक रसी भान डेर डुसेनले ६९ तथा कप्तान बावुमाले ५६ रन जोडे । न्युजिल्यान्डका लागि मिचेल सान्टनरले तीन तथा म्याट हेनरी र ग्लेन फिलिप्सले दुई–दुई विकेट लिए ।

****** ० ******